नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

# वनजन्य उद्यम प्रवर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि-२०७५

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वनजन्य उद्यम प्रवर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि-२०७५

## प्रस्तावना

वन क्षेत्रमा प्राकृतिक रुपमा उपलब्ध भएका वा रोपण गरी उपलब्ध हुने सबै सम्भाव्य सामाग्री तथा सेवाहरुको उत्पादन, संकलन, प्रशोधन, प्रविधि विकास तथा मूल्य अभिबृद्धि गरी रोजगारी तथा आय आर्जनमा बृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने नेपाल सरकारको लक्ष्य रहेको छ।

राष्ट्रिय वन नीति २०७५, जैविक विविधता रणनीति तथा कार्ययोजना २०१४-२०२०, जडिबुटी एवं गैरकाष्ठ वनपैदावार विकास नीति, २०६१ जस्ता क्षेत्रगत नीतिहरुले वनजन्य उद्यम प्रवर्द्धनका लागि विशेष महत्व दिएको पाईन्छ। यिनै विषयबस्तुहरुलाई मध्यनजर गर्दै सरकारी र समुदायको सहकारीता र सहकार्यमा वनजन्य उद्यमहरुको विकास र विस्तार गर्नको लागि आवश्यक उपकरण, प्रविधि खरीद गर्नको लागि अनुदानको व्यवस्था गर्दै वनजन्य उद्यमहरुको विकास मार्फत रोजगारी र वन पैदावारको मुल्य अभिबृद्धिमा टेवा पुऱ्याउने यस कार्यविधिको समग्र उद्धेश्य रहेको छ ।

यस्ता अनुदानबाट सञ्चालन हुने कार्यक्रममा पारदर्शिता अपनाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित उपलब्धी प्राप्त गर्नको लागि आवश्यक प्रकृयागत सहजीकरणको लागि वन तथा वातावरण मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१: प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम "वन उद्यम प्रवर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि, २०७५" रहेको छ।

ख) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "मन्त्रालय" भन्नाले नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ।

ख) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको वन संबन्धि काम गर्ने प्रदेश मन्त्रालय सम्झनु पर्दछ।

ग) "विभाग" भन्नाले नेपाल सरकारको वन तथा भू-संरक्षण विभाग सम्झनु पर्दछ।

घ) "निर्देशनालय" भन्नाले प्रदेश सरकारको प्रदेश वन निर्देशनालय सम्झन पर्दछ।

ङ) "डिभिजन" भन्नाले डिभिजन वन कार्यालय सम्झनु पर्दछ।

च) "कार्यक्रम" भन्नाले वन उद्यम प्रवर्द्धन, विकास र उद्योगको उपकरण खरीदको लागि अनुदान कार्यक्रम सम्झनु पर्दछ ।

छ) "अनुदान" भन्नाले यस कार्यविधि अर्न्तगत रही प्राप्त हुने नगद सहयोग सम्झनु पर्दछ ।

ज) "समूह" भन्नाले नेपाल सरकारको प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको लाभग्राही समूह सम्झनु पर्दछ ।

झ) "सामुदायिक/सहकारी" संस्था भन्नाले नेपाल सरकारको प्रचलित ऐन, नियम बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समूह, सामुदायिक वा सहकारी संघसंस्था भन्ने सम्झनु पर्दछ ।

ञ) "उद्यम" भन्नाले यस कार्यविधिको परिच्छेद-२ को २.१ अर्न्तगत उल्लेख गरिएका वन जन्य उद्यमहरुलाई सम्झनु पर्दछ ।

ट) "उपकरण" भन्नाले यस वनजन्य उद्यमको उत्पादन, प्रशोधन लगायतका कार्यसंग प्रत्यक्ष सम्बन्धित मेशिनरी औजार र सो को पाटपुर्जा, प्लाण्ट र प्रविधि समेत सम्झनु पर्दछ ।

### १.३ कार्यक्रमको उद्देश्य

यो कार्यक्रमको देहायको उद्देश्य प्राप्तिको लागि संचालन गरिने छ:-

क) वन क्षेत्रमा रहेका वा सृजना गर्न सकिने वन पैदावारहरुको आधुनिक प्रविधि तथा उपकरणको प्रयोग गरी वनजन्य कच्चा पदार्थमा आधारित वन उद्यमको स्थापना, प्रवर्द्धन र विकास गर्ने,

ख) वनजन्य पैदावारमा आधारित उद्यमहरुको विकास र प्रवर्द्धनबाट रोजगारी तथा आयआर्जनका अवसरहरु बृद्धि गर्ने,

ग) सहकारी वा समुदायिक संघसंस्थासंगको साझेदारीमा वनजन्य कच्चा पदार्थमा आधारित निर्यातमूलक वा आयात प्रतिस्थापन गर्ने उद्योग स्थापनाको लागि प्रोत्साहन र सहजीकरण गरी वन पैदावारको मूल्य अभिबृद्धि गर्ने ।

## परिच्छेद-२: वन उद्यम प्रवर्द्धन र विकास तथा उपकरण खरीद सम्बन्धी कार्यप्रकृया

### २.१ वन उद्यम प्रवर्द्धन र विकासका लागि छनौट गरिएका कार्यक्रमहरु:

वन उद्यम, स्थापना, प्रवर्द्धन र विकासको लागि उपलब्ध गराईने अनुदान परम्परागत ज्ञान सीपलाई जर्गेना गर्ने वा नविनतम प्रविधिको प्रयोगलाई जोड दिने दुवै हुन सक्ने छन् । यसका लागि सहयोगका क्षेत्रहरु देहाय अनुसारका हुन सक्नेछन् :

क) काठको सिजनिङ्ग, ट्रिटमेण्ट प्लाण्ट जडान, काठ, दाउरा र भुसको गुणस्तर अभिबृद्धि गर्ने वनजन्य उद्यम सञ्चालन,

ख) पार्टिकल बोर्ड, फाइवर बोर्ड, चिप बोर्ड, प्लाईउड, भेनियर आदि जस्ता उद्योग स्थापना र संचालन,

ग) फर्निचर र काष्ठ प्रविधिका सुधारका कार्यक्रम संचालन,

घ) ठूलो परिमाणमा (२५ हेक्टर भन्दा बढी) बेत, बाँसको रोपण,

ङ) बाँस तथा बेतजन्य उद्यम,

च) काष्ठजन्य हस्तकला उद्यम,

छ) पल्प, पेपर तथा लोक्ता सम्बन्धी उद्यम,

ज) रेशम खेतिका लागि किम्बु लगायत आवश्यक प्रजातिका विरुवा रोपण तथा रेशम खेति उद्यम,

झ) लाहा खेती तथा उद्यम,

ञ) आयआर्जनका लागि बृक्षारोपणको लागि स्थलगत संभाव्यताको आधारमा प्रजातिहरुको रोपण तथा खेती विस्तार: टिमुर, रिट्ठा, तेजपात, ओखर, रुद्राक्ष, काफल, जंगली कुरिलो, सुगन्धकोकिला, जैतुन लगायत विभागले तोकेका अन्य,

ट) जडिवुटी तथा गैरकाष्ठ वन पैदावारको विकास, विस्तार र प्रशोधन,

ठ) जडिवुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित प्राथमिक तथा द्वितिय चरणका प्रशोधन उद्योग स्थापना,

ड) ग्रामीण क्षेत्रमा खेति हुन नसकि बाँझो, पर्तिको रुपमा रहेको व्यक्तिहरुको समूहमा रहेको निजी जग्गालाई एकठ्ठा गरी निजी वनको विकास (५ हेक्टर क्षेत्रफल भन्दा बढी),

ढ) आधुनिक प्रविधियुक्त नमुना नर्सरीको स्थापना र सञ्चालन गरी कम्तिमा वार्षिक १ लाख वटासम्म गुणस्तरीय विरुवा उत्पादन,

ण) छोटो रोटेसन अवधि (१० देखि १५ वर्षसम्म) को लागि नमूना नर्सरीको स्थापना गरी विरुवा उत्पादन,

त) आयआर्जन गर्न सार्वजनिक तथा निजी जग्गामा बृक्षारोपण,

थ) वनजन्य फलफूल तथा जडिबुटीका विरुवा रोपण र उद्यम स्थापना,

द) वनजन्य पैदावारहरुको अन्तरराष्ट्रिय बजार केन्द्रित प्रजाति रोपण,

ध) सिमसार क्षेत्र व्यवस्थापन तथा पर्यापर्यटन कार्यक्रम,

न) जैविक उर्जा र उर्जा दक्षता सम्बन्धित कार्यक्रम,

प) पिलेट, बायोचार, ब्रिकेट आदि उत्पादन,

फ) समुदायमा आधारित वन व्यवस्थापन अन्तरगत वनजन्य उद्यम स्थापनाका लागि सहकारी निर्माण, प्रकृयागत तयारी तथा उद्यम स्थापना,

ब) बहुउध्देश्यीय कृषि वन कार्यक्रम संचालन र

भ) प्रचलित वन तथा वन्यजन्तुसंग सम्बन्धित ऐन नियमको परिपालना हुने गरी वन्यजन्तुको पालन तथा प्रजनन ।

## २.२ वनजन्य कच्चा पदार्थमा आधारित निर्यातजन्य उद्योगमा उपकरण खरिद कार्यक्रमको लागि प्रस्तावित क्षेत्र

उपरोक्त २.१ मा उल्लेखित वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन हुने गरी उपकरण खरीदको लागि कूल लागतको ५० प्रतिशत वा रु.२० लाख रुपैया मध्ये जुन घटी हुन्छ सोही रकम अनुदान बापत उपलब्ध गराइने छ । यस्तो अनुदान रकम उपकरण र मेसिनरी खरीदमा मात्र उपभोग गर्नु पर्ने छ ।

उपकरण खरीदको लागि अनुदान प्रदान गर्नको लागि देहायका मापदण्डको आधारमा मूल्याङ्कन गरी छनौट गरिने छ:

| आधारहरु | अंक |
|---|---|
| क) उद्यम स्थापनाबाट लाभान्वित हुने समूह तथा उपभोक्ता | २५ |
| ख) निर्यातजन्य उत्पादन वा उत्पादन क्षमता | २० |
| ग) नेपाल सरकारलाई प्राप्त हुने राजश्व | १० |
| घ) प्रत्यक्ष रोजगारी संख्या | २० |
| ङ) आधुनिक प्रबिधिको प्रयोग | १० |
| च) उद्यम स्थापनाको लागि कूल लागत र अनुदानको अनुपात | १० |
| छ) उत्पादन गरिने बस्तुको बार्षिक बिक्री परिमाण र रकम | ५ |

यसको अतिरिक्त वनजन्य उद्यम स्थापना र संचालनको लागि अनुदान प्रदान गर्नको लागि देहायका मापदण्डको आधारमा मुल्याङ्कन गरी छनौट गरिने छ:

| आधारहरु | अंक |
|---|---|
| क) उद्यम स्थापनाबाट लाभान्वित हुने समूह तथा उपभोक्ता | १० |
| ख) मूल्य श्रृखलामा निर्यातजन्य वा आयात प्रतिस्थापना गर्ने सम्भाव्यता | १० |
| ग) उद्यमका परिवेश अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्वको संभावना | १० |
| घ) उद्यमको आकार अनुसार रोजगारीको अवस्था | १० |
| ङ) प्रबिधिमा सुधार वा आधुनिक प्रविधिको प्रयोग | १० |
| च) स्थानीय श्रोत र सामाग्रीको प्रयोग | १० |
| छ) लगानीको तुलनामा अपेक्षित प्रतिफलको अवस्था | १० |
| ज) वातावरणीय दृष्टिकोणले अनुकूल | १० |
| झ) स्थानीय परिवेश अनुसार नवीनतम कार्य | १० |
| ञ) स्थानीय हावापानी, माटो र अन्य आवश्यक दृष्टिकोणले सम्भाव्य | १० |

### २.३ कार्यक्रम कार्यान्वयन गर्ने क्षेत्र

वन उद्यमको किसिम, वनश्रोतको उपलब्धता, लाभान्वित समूह समेतलाई मनन् गरी क्षेत्रगत रुपमा सकभर सबै प्रदेशको प्रतिनिधित्व हुनेगरी देशभरीबाट प्रस्ताव आव्हान गरी कार्यक्रम छनौट गरिनेछ।

## परिच्छेद-३: प्रस्तावना आव्हान, मूल्याङ्कन र छनौट कार्यविधि

### ३.१ प्रस्तावना आव्हान

क) प्रस्ताव आव्हान गर्दा केन्द्रबाट प्रकाशित हुने राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तीमा १५ दिनको म्याद दिई सूचना प्रकाशित गरिने छ ।

ख) सामुदायिक/सहकारी संस्थाले विभागले तोकेको कार्यसूची बमोजिम प्रस्तावना दस्तावेज तयार गरी सोही दस्तावेजको आधारमा कार्यक्रममा सहभागी हुन पाउने छन् ।

### ३.२ प्रस्तावना मूल्याङ्कन

सूचनामा तोकिएको समयसिमा भित्र विभागमा प्राप्त भएका प्रस्तावहरुको उपरोक्त २.२ मा उल्लेख गरिएका मापदण्ड र अंकभारको आधारमा मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नको लागि एक मूल्याङ्कन कार्यदल गठन गरिने छ । उक्त कार्यदलमा देहाय बमोजिमका सदस्यहरु हुने छन्:

मूल्याङ्कन कार्यदल

संयोजक: शाखा प्रमुख (निजी तथा सार्वजनिक वन शाखा), वन तथा भू-संरक्षण विभाग

सदस्य: लेखा अधिकृत, वन तथा भू-संरक्षण विभाग

सदस्य: अधिकृत प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय

सदस्य: अधिकृत प्रतिनिधि, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

सदस्य: अधिकृत प्रतिनिधि, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

नोट: मूल्याकंन कार्यदलमा आवश्यकता अनुसार सरकारी संरचना भन्दा बाहिरका सम्बन्धित विषयमा कम्तीमा स्नाकोत्तर तह अध्ययन गरी १० वर्षभन्दा बढी अनुभव भएका व्यक्तिलाई स्वतन्त्र विषय विज्ञको रुपमा छनौट गर्न सकिने छ । साथै विषय विज्ञको सेवा बापतको पारिश्रमिक समेत उपलब्ध गराउन सकिने छ ।

## ३.३ प्रस्तावना छनौट तथा स्विकृति

मूल्याङ्कन कार्यदलबाट सिफारिस भएका प्रस्तावहरुको बारेमा अन्तिम छनौट र स्विकृतीको लागि देहाय बमोजिमको अनुदान कार्यक्रम निर्देशन समिति गठन गरिने छ:

### अनुदान कार्यक्रम निर्देशन समिति

| | |
|---|---|
| १) महानिर्देशक, वन तथा भू-संरक्षण विभाग: | संयोजक |
| २) प्रमुख, वन व्यवस्थापन महाशाखा, वन तथा भू-संरक्षण विभाग: | सदस्य |
| ३) प्रमुख, आर्थिक प्रशासन शाखा, वन तथा भू-संरक्षण विभाग: | सदस्य |
| ४) अधिकृत प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय: | सदस्य |
| ५) शाखा प्रमुख (निजी वन शाखा), वन तथा भू-संरक्षण विभाग: | सदस्य सचिव |

निर्देशन समितिले छनौटको लागि सिफारिश भएका प्रस्तावहरुको फिल्ड भेरिफिकेसन गर्नको लागि देहायको सदस्य रहेको एक प्राविधिक उपसमिति गठन गर्ने छ .

### प्राविधिक उपसमिति

| | |
|---|---|
| संयोजक: | विभागले तोकेको रा.प. द्धितिय स्तरको वन प्राविधिक |
| सदस्य: | उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयको अधिकृत प्रतिनिधि |
| सदस्य: | विभागले तोकेको सहायक वन अधिकृत |

प्राविधिक उपसमितिले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण गरी बढीमा ७ दिन भित्र राय सहितको प्रतिवेदन "कार्यक्रम निर्देशन समिति" समक्ष पेश गर्नु पर्ने छ । स्थलगत रुपमा प्रमाणीकरणको (फिल्ड भेरिफिकेसन) लागि विभागले सम्वन्धित डिभिजन वन कार्यालयका कार्यरत अधिकृत कर्मचारीलाई समेत संलग्न गराउन सक्नेछ । यसको लागि विभागले सम्बन्धित प्रदेश मन्त्रालय, वन निर्देशनालय र डिभिजन वन कार्यालयसँग आवश्यकता अनुसार सहयोग लिई कार्य गर्नेछ ।

प्राविधिक उपसमितिको प्रतिवेदन प्राप्त भएपछि निर्देशन समितिको बैठक बसी सिफारिश भएका प्रस्तावहरुको बारेमा अनुदान दिने वा नदिने बारेमा निर्णय गर्नु पर्नेछ । अनुदानको लागि स्वीकृत रकम समेत उल्लेख गरी निर्णय गर्नु पर्नेछ । निर्देशन समितिबाट निर्णय भएपछि अनुदानको लागि छनौट भएका प्रस्तावहरुको नामावली, अनुदान रकम र सम्झौता गर्न आउने मिति समेत उल्लेख गरी विभागको सूचना पाटी र वेभसाइट मार्फत सार्वजनिक गरिने छ ।

विभागले तोकेको ढाँचामा विभाग र अनुदान प्राप्त गर्ने पक्ष बीच सम्झौता गरी सोही बमोजिम कार्यक्रम कार्यान्वयन गरिनेछ । अनुदान प्राप्त गर्ने प्रस्तावक तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा "कार्यक्रम निर्देशन समितिले" बैठक बसी वैकल्पिक सूचीको प्रस्तावकलाई अनुदान उपलब्ध गराउने निर्णय गर्न सक्ने छ । सम्झौता गर्नुभन्दा अगाडि लगानीको सुनिश्चितता गर्नको लागि आवश्यक कागजात, बैंक जमानत लगायतका कागजात माग गर्न सकिने छ । यस सम्बन्धमा विभाग र अनुदान प्राप्त गर्ने निकाय/संस्था बीच सम्झौता गरी सोही अनुसार कार्यान्वयन गरिनेछ । दुवै पक्ष बीच सम्झौता भएपछि मात्र कार्यक्रम स्वीकृत भएको मानिने छ ।

## परिच्छेद-४: अनुदान सम्बन्धी कार्यव्यवस्था

स्वीकृत प्रस्तावको लागि दिइने अनुदानको मोडालिटी, किस्तावन्दी भुक्तानि प्रकृया, अनुदान रकमको सदुपयोग, पारदर्शिता र जवाफदेहिता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

### ४.१ अनुदान मोडालिटी

नियमानुसार दर्ता भएका सामुदायिक/सहकारी संस्थाहरुलाई सम्बन्धित नियमन गर्ने निकायको सिफारिसमा ती संघसंस्थालाई नयाँ उद्यम स्थापनाको लागि सञ्चालित वन उद्यमहरुको स्तरबृद्धिको लागि आवश्यक पर्ने लागतलाई कम गर्न वा प्रतिफललाई उच्च तथा दीगो गर्नको लागि अनुदान रकम उपलब्ध गराइने छ ।

वनजन्य कच्चा पदार्थमा आधारित उद्योगबाट उत्पादित बस्तुको परिमाणलाई दीगो र गुणस्तरयुक्त वनाई निर्यातमूलक बनाउने वा स्वदेशमा बजारको सुनिश्चितता गरी आयात प्रतिस्थापन गर्ने, नविनतम प्रविधियुक्त उपकरण प्रयोगलाई जोड दिने, स्थानीय स्तरमा स्वरोजगारका अवसरलाई बढावा गर्ने उद्यमहरुलाई उपकरण मात्र खरीद गर्न पाईने छ (जग्गा खरीदमा उपयोग गर्न पाईने छैन्) ।

छनौट भएका प्रस्तावहरु प्राविधिक उपसमितिको सिफारिशमा अनुदान कार्यक्रम निर्देशन समितिले बस्तुनिष्ठ आधारमा बास्तविक कूल लागतको अनुमान गरी बास्तविक लागतको ५० प्रतिशत वा रु. २०,००,०००। (अक्षरु बीस लाख रुपैया) मध्ये जुन घटी हुन्छ सोही रकममात्र अनुदानको रुपमा उपलब्ध गराइने छ ।

कर छुट भएका क्षेत्र, कार्यक्रम, मेसिनरी र उपकरणमा अनुदान वितरण गरिने छैन साथै अनुदानग्राहीलाई कर छुटको व्यवस्था गरिनेछैन् । अनुदान वितरण भएको जानकारी वन तथा वातावरण मन्त्रालय र अर्थ मन्त्रालयमा पठाउने व्यवस्था गरिने छ ।

## ४.२ अनुदान भुक्तानी किस्तावन्दी

स्वीकृत परियोजनालाई दिइने अनुदान रकम कार्यसम्पादन प्रगतिको आधारमा दुई किस्तामा भुक्तानी हुनेछ। पहिलो र दोश्रो/अन्तिम किस्ताको रकम स्वीकृत लागत अनुमानको आधारमा क्रमशः चालिस र साठी प्रतिशत हुनेछ। कामको प्रगति प्रतिवेदन र सोलाई पुष्ट्याई गर्ने आधार, प्राविधिक उप समितिको सिफारिश तथा निर्देशक समितिको निर्णयको आधारमा उपरोक्तानुसार किस्ताबन्दी रुपमा अनुदान रकम भुक्तानि गरिनेछ। अन्तिम किस्ता भुक्तानि गर्दा कार्य सम्पन्न प्रतिवेदन तथा सार्वजनिक सुनुवाई गरेको प्रमाण समेत अनिवार्य पेश गर्नु पर्नेछ। यस्तो रकमको भुक्तानि बैंकिङ्ग प्रणाली मार्फत मात्र गरिनेछ।

## ४.३ अनुदान रकमको सदुपयोग, पारदर्शिता र जवाफदेहिता

अनुदान रकमबाट उद्यम प्रवर्द्धन, विकास र विस्तारसंग प्रत्यक्ष सम्बन्धित उत्पादन र उत्पादकत्व बढाउने काममा मात्र खर्च गर्नु पर्नेछ। घरेलु, व्यक्तिगत र उद्यमसंग असम्बन्धित अन्य प्रशासनिक काममा अनुदानको रकम खर्च गर्न पाइने छैन।

अनुदान रकमबाट खरीद सम्वन्धि काम गर्नु पर्दा प्रचलित बजारमूल्य भन्दा बढी नहुने गरी पारदर्शी र प्रतिष्प्रर्धात्मक तरिकाले मितव्ययी हुने गरी गुणस्तरीय प्रकृतिको सामान खरीद गर्नु पर्नेछ। उद्यम रहने स्थानमा सबैले देख्ने गरी निर्माण अवधिभर उद्यमीले एउटा होर्डिङ्ग बोर्ड आयोजना सँगैको स्थानमा राख्नु पर्नेछ, सो बोर्डमा उद्यमको प्रकृति, सञ्चालनको उद्देश्य, लागत, साझेदारी र जम्मा लागत तथा लाभग्राहिको संख्या लगायत तोकिए वमोजिमका आवश्यक सूचनाहरु राख्नु पर्नेछ।

उद्यम सञ्चालन हुने स्थानीय तहको वडास्तरमा स्थानीय जनप्रतिनिधि, लाभग्राही र अन्य सरोकारवालाको समेतको सहभागितामा कम्तीमा दुई पटक सार्वजनिक सुनुवाई गर्नु पर्नेछ। सुनुवाई भएको प्रमाणित प्रतिलिपि अनुदान रकम भुक्तानी लिदाँ विभागमा पेश गर्नु पर्नेछ।.

समूह वा सहकारी संस्थाबाट संचालन हुने उद्यमको हकमा उक्त संस्थाको साधारण सभाबाट परियोजना प्रस्ताव, अनुदान भुक्तानी माग र कार्यसम्पन्न प्रतिवेदन अनुमोदन भएको हुनु पर्नेछ। उद्यम संचालकले परियोजना सम्झौता गर्दा र अनुदान भुक्तानी माग गर्दा उपरोक्त कागजातका प्रमाणित प्रति पेश गर्नु पर्नेछ।

## ४.४ पेश गर्नुपर्ने आवश्यक कागजात, खर्चको विवरण, प्रगति प्रतिवेदन तथा लेखापरीक्षण

खरीद प्रक्रियासँग सम्वन्धित कागजातहरुको दुरुस्त अभिलेख अनुदानग्राहीले अनिवार्य राख्नु पर्नेछ। आयोजना सम्पन्न भएपछि वा तोकिएको म्याद भित्र अनुदानग्राहीले सम्पूर्ण कागजातहरुको सक्कल प्रति विभागमा पेश गर्नुपर्दछ र सोको जानकारी सम्वन्धित डिभिजन वन कार्यालयमा समेत दिन सकिनेछ। संघ, संस्था वा सहकारीले आफनो लेखापरीक्षण नहुँदासम्म सम्पूर्ण कागजातहरुको प्रतिलिपि विभागमा पेश गर्नु पर्नेछ र आफनो लेखापरीक्षण भैसकेपछि लेखापरीक्षण प्रतिवेदन र सक्कल कागजातहरु विभागमा वुझाउनु पर्नेछ।

अनुदानग्राहीले सम्झौता अनुसार प्राप्त गरेका आम्दानी र भएको कामको खर्चको विवरण तयार गरी अनिवार्य रुपमा अनुदान उपलब्ध गराउने निकाय वन तथा भू-संरक्षण विभाग र सम्वन्धित डिभिजन वन कार्यालयमा तोकिएको समय भित्र वुझाउनु पर्नेछ।

अनुदानग्राहीले सम्झौता अनुसार सम्पूर्ण कार्य सम्पन्न गरेपछि अन्तिम आम्दानी खर्चको विवरण र कार्यसम्पन्न वा वार्षिक प्रगति प्रतिवेदन तयार गरी तपशील बमोजिमका अभिलेख र कागजातहरु समेत संलग्न राखी कार्यसम्पन्न भएको ३० दिन भित्र अनुदान उपलब्ध गराउने निकाय वन तथा भू-संरक्षण विभाग र संवन्धित डिभिजन वन कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

तपशिल

क) अनुदानको सम्झौता बमोजिम गरेका सबै कारोवारहरुको प्रमाणित गोश्वारा भौचर र संलग्न सक्कल बील भरपाई र अन्य आवश्यक कागजातहरु

ख) प्रमाणित बैंक हिसावको विवरण र बैंक स्टेटमेण्ट

ग) जिन्सी अभिलेख

घ) अनुदान कार्यक्रम संचालन सम्वन्धी अन्य कागजातहरु

प्रचलित नियमानुसार लेखापरीक्षण गराउने दायित्व अनुदानग्राहीको हुनेछ । अनुदानग्राही संस्थाले सम्झौता अनुसारको कार्यक्रम संचालन गरेको सन्दर्भमा दोहोरो श्रेस्ता प्रणालीको आधारमा एक छुट्टै लेखा वा किसावकिताव राख्नुपर्नेछ । यसको आवधिक आम्दानी खर्चको विवरण र प्रगति प्रतिवेदन मासिक, चौमासिक, कार्यसम्पन्न वा वार्षिक रुपमा वन तथा भू-संरक्षण विभागमा निर्धारित समय भित्र उपलब्ध गराउनु पर्नेछ । यी सबै लेखा वा हिसावकिताव र सम्वन्धित कागजातहरु लेखा परीक्षणको लागि पेश गर्नु पर्नेछ । रजिष्टर्ड लेखापरीक्षकबाट सो बमोजिम लेखापरीक्षण भई दिएको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र विभागमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-५: कार्यक्रम अनुगमन तथा मूल्याङ्कन व्यवस्था

### ५.१ कार्यक्रम अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन

सम्झौता बमोजिम अनुदान प्राप्त आयोजनाका सम्पूर्ण क्रियाकलापहरु सञ्चालन गर्ने जिम्मेवारी अनुदान प्राप्त गर्ने पक्षको हुनेछ । यस कार्यक्रम अर्न्तगत अनुदान प्राप्त गरेका आयोजनाहरुको भौतिक प्रगति, प्राविधिक तथा आर्थिक पक्ष, कारोवार तथा लेखा पद्धति, मितव्ययिता, प्रभावकारीता, नियमितता लगायतको विषयमा नियमित अनुगमन विभागबाट गरिनेछ । साथै मन्त्रालयबाट आवश्यकता अनुसार समय समयमा अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गरिने छ । यसको लागि आवश्यक पर्ने बजेट कार्यक्रमको बजेटबाट खर्च गरिनेछ ।

आयोजना छनौट भई सम्झौता भएपछि सोको १/१ प्रति वन तथा वातावरण मन्त्रालय, सम्बन्धित प्रदेश वन निर्देशनालय र डिभिजन वन कार्यालयमा पठाईनेछ । अनुदान प्राप्त गर्ने व्यक्ति वा संस्थाले सम्झौता बमोजिम कार्यक्रम सञ्चालन गरेको चौमासिक प्रतिवेदन सम्वन्धित डिभिजन वन कार्यालय र विभागमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

आवश्यक सहयोग र समन्वयको लागि सम्वन्धित स्थानीय तह र प्रदेश मन्त्रालय, वन निर्देशनालय र सम्बन्धित डिभिजन वन कार्यालयहरुसँग समेत समन्वय गर्न सकिनेछ । अनुगमन, सुपरीवेक्षण तथा मूल्याँकनबाट दिइएको सुझावको परिपालना अनुदानग्राहीले अनिवार्य रुपमा गर्नु पर्नेछ ।

## परिच्छेद-६: विविध

### ६.१ अन्तिम व्याख्या गर्नसक्ने

यस कार्यविधिको कार्यान्वयनमा केहि बाधा व्यवधान आईपरेमा वा द्विविधा उत्पन्न भएमा सो को व्याख्या गर्ने अधिकार मन्त्रालयमा निहित रहने छ। मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

### ६.२ कार्यविधिमा संशोधन तथा परिमार्जन गर्नसक्ने

यस कार्यविधिमा आवश्यकता अनुसार मन्त्रालयले आर्थिक दायित्व पर्ने विषयमा अर्थ मन्त्रालयको सहमति लिएर आवश्यक संशोधन वा परिमार्जन गर्न सक्ने छ।

### ६.३ कार्यविधि प्रयोग गर्न सकिने

विभागको स्वीकृत कार्यक्रम अनुसार यस्तै प्रकृतिका वनजन्य उद्यमहरुलाई अनुदान उपलब्ध गराउने अन्य कार्यक्रमहरुमा समेत यो कार्यविधि प्रयोग गर्न सकिनेछ।